नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१
फ्याक्स : ४२११५६३

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७६/०७७
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १५७२

मिति: २०७७/२/२८

विषय: निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।

श्री स्थानीय तह सबै।

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/२/२२ को तपशिल बमोजिमको निर्णयानुसार विश्वव्यापी COVID – 19 महामारीको विषम परिस्थितिलाई मध्यनजर गरी साविकमा सामाजिक सुरक्षा भत्ता खाई पाई आएका साठी वर्ष उमेर पुरा नगरेका विधवा र अति अशक्त अपाङ्गता ("ख" वर्गको अपाङ्गता परिचयपत्र) भएका लाभग्राहीहरूलाई देहाए बमोजिम आर्थिक सहायता उपलब्ध गराउनुहुन अनुरोध छ । साथै बिभागको VERSP-MIS प्रणालीमा आर्थिक सहायताको छुटै समुह बनाई विवरण अध्यवधिक गरिने व्यहोरा समेत आदेशानुसार अनुरोध छ।

तपशिल:

(क) साबिक बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका साठी वर्ष उमेर पुरा नगरेका विधवा महिलालाई मासिक रु. २०००।- का दरले चालू आ. व. को तेस्रो चौमासिक (२०७६ चैत्रदेखि २०७७ असारसम्म) को लागि हुन आउने रकम चालु आ. व. २०७६/०७७ को सामाजिक सुरक्षा भत्ता शीर्षकमा विनियोजित वजेटवाट खर्च लेख्ने गरी आर्थिक सहायता उपलब्ध गराउने ।

(ख) साबिक बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका अति अशक्त अपाङ्गता ("ख" वर्गको अपाङ्गता परिचयपत्र) प्राप्त भएका लाभग्राहीलाई मासिक रु १६००। का दरले चालू आ. व. को तेस्रो चौमासिक (२०७६ चैत्रदेखि २०७७ असारसम्म) को लागि हुन आउने रकम चालु आ. व.२०७६/०७७ को सामाजिक सुरक्षा भत्ता शीर्षकमा विनियोजित बजेटबाट खर्च लेख्ने गरी आर्थिक सहायता उपलब्ध गराउने ।

साबित्रा बस्नेत
शाखा अधिकृत